# प्रकाशकको तर्फबाट

विगत द्वन्द्वको क्रममा प्रयोग भएको बारुदी सुरुङ्ग विस्फोटक पदार्थहरूले द्वन्द्वरत पक्षहरू मात्र होइन व्यापक रूपमा सर्वसाधारणहरू पनि हताहत भए । बारुदी सुरुङ्ग प्रतिवन्ध अभियानले अन्तरराष्ट्रिय अभियानको रूपमा सन् १९९५ देखि नेपालमा बारुदी सुरुङ्ग विरुद्धको अभियान संचालन गर्दै आइरहेको छ । बारुदी सुरुङ्ग अनुगमन रिपोर्ट यसै संस्थाको एक प्रमुख कार्य मध्येको रूपमा सन् १९९८ देखि रहँदै आएको छ । सन् १९९९ देखि प्रतिवेदन रिपोर्टलाई प्रकाशित गर्दै आइरहेको छ । अनुगमन अन्तरराष्ट्रिय बारुदी सुरुङ्ग अनुमगन प्रतिवेदनको एक भाग हो । यस वर्षको प्रतिवेदनमा सन् २००५ मे देखि २००६ मे महिनासम्मको तथ्याङ्कलाई समेट्न कोशिस गरिउको छ । केही विशेष उल्लेखनीय घटनाहरू मे पछिको पनि समेट्ने कोशिश गरिएको छ ।

यस अनुगमन प्रतिवेदनमा विशेषगरी बारुदी सुरुङ्ग प्रतिवन्ध सम्बन्धी नीति प्रयोग ओसार पसार, भण्डारण, माइन्स हटाउने र नष्ट गर्ने कार्य, घाइते र मर्नेहरूको तथ्याङ्क र उनीहरूको सहयोगलाई नै विशेष रूपमा समावेश गरिएको छ ।

यस संस्थाले यस प्रतिवेदनलाई प्रकाशित गरी पाठकहरू समक्ष पुऱ्याउनु जमर्को गरेको छ । यसमा पाठकहरूको जानकारीको लागि बारुदी सुरुङ्ग सम्बन्धमा सन् २००६ मा विश्वव्यापी रूपमा समावेश गरिएको छ ।

यो प्रतिवेदनलाई पाठकहरूले अध्ययन गरी यस सम्बन्धी प्रतिक्रिया पठाई आगामी दिनको अध्ययन कार्यलाई सहज र तथ्ययुक्त बनाउन सहयोग पुऱ्याउनु हुनेछ भन्ने यस संस्था आशा गर्दछ । यहाँहरूको सानो सहयोगले बारुदी सुरुङ्गको समस्यालाई न्यून गर्न तथा पूर्ण रूपमा समाधान गर्न, पीडितहरूले आवश्यक राहत पाउन खतराबाट बच्नको लागि जन चेतना बढाउन सहयोग पुग्नेछ भन्ने कुराका हामी विश्वस्त छौं ।

यो प्रतिवेदन तयार पार्न तथा प्रकाशन गर्न सहयोग गर्नु हुने सम्पूर्णलाई यस संस्था हार्दिक धन्यवाद एवं आभार प्रकट गर्दछ । धन्यवाद ।

१४ सेप्टेम्वर २००६ (२९ भाद्र २०६३)

---

**बारूदी सुरुङ्ग विरुद्धको अन्तराष्ट्रिय अभियान (ICBL) को अपिल**

- मानव विरुद्ध लक्षित बारूदी सुरुङ्गको प्रयोग, उत्पादन, भण्डारण, विक्रि, स्थानान्तर, निर्यातको विश्वव्यापी रुपमा प्रतिवन्ध गरौं ।
- बारूदी सुरुङ्ग प्रतिवन्ध सन्धि (Mine Ban Treaty) मा सहि गरौं, अनुमोदन गरौं र लागू गरौं ।
- बारूदी सुरुङ्ग नष्ट गर्न सचेतनता अभियान कार्यक्रमहरु संचालन गर्ने श्रोतहरु वृद्धि तथा परिचालन गरौं ।
- घाइतेहरुको पुनर्स्थापना तथा सहयोगको लागि श्रोतहरुको वृद्धि तथा परिचालन गरौं ।

